# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोशी प्रदेश,नेपाल

सूचना प्रकाशित मिति २०८३।०३।२२

**शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी १५ दिने सूचना।**

यस नगरपालिका क्षेत्र भित्र रहेका तपशिल वमोजिमका हाटबजार टहराहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ अनुसार तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही न्युनतम अंकमा नघट्ने गरी ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**ठेक्का सम्बन्धी शर्तहरु**

१.सिलवन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखाबाट तपशिल बमोजिमको फाराम शुल्क तिरी खरिद गर्न सकिनेछ।यसका लागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०८२।०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र प्रतिलिपि र पान नं प्रतिलिपि संलग्न गरी निवेदन दिनुपर्नेछ।

२.कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

३.सिलबन्दी दरभाउ पत्रसाथ आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम यस कार्यालयको एन.आई. सि.एसिया बैंक गौरादह शाखामा रहेको *च.हि.नं.८७CA७५०३६११५२४०१* मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

४.सूचना प्रकाशन भएको मितिले सोह्रौ दिन २०८३/०४/०५ गते १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ।सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिनेछ।प्रतिनिधि उपस्थिति नभएमा नियमानुसार सोहि समयमा खोल्न बाधा पर्ने छैन।

५.दरभाउपत्र खरिद र दर्ता मितिका दिन विदा परेमा सो को भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ।

६.कार्यालयबाट प्रमाणित नभएको रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

७.ठेक्काको अवधि २०८४ असार मसान्त सम्मका लागि हुनेछ।सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न सक्नेछ।यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट वोलपत्रदाताले उन्मुक्ति पाउने छैन।पालिकालाई बुझाउनुपर्ने कुनै शुल्क दस्तुर बाँकी रहेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

८.ठेक्का पूर्ण वा आंशिक सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

९.ठेक्का सम्बन्धि कागजातहरु तपशिलमा उल्लेखित रकम तिरी कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।अन्य जानकारीको लागि कार्यालय समय भित्र राजश्व शाखा तथा आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

१०.बोल पत्र स्वीकृत भएपछि कवोल गरेको रकम एकमुष्ट अग्रीम बुझाउनु पर्नेछ।

११.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## तपशिल

| क्र.स. | शिर्षक | न्यूनतम अंक(मु.अ.कर बाहेक) | फाराम शुल्क |
|---|---|---|---|
| ०१/२०८३-०८४ | गौरादह बजार र कृषि थोक बजार,टहरा सहित | ५,७०,७६२ | १०००।०० |
| ०२/२०८३-०८४ | स्कूलचौनबजार ,टहरा सहित | ८०,००० | ५००।०० |
| ०३/२०८३-०८४ | दामुना पशु बजार | ६,०३,५०० | १०००।०० |
| ०४/२०८३-०८४ | ग्वालडुब्बा बजार, टहरा सहित | १,७६,५५५ | ५००।०० |
| ०५/२०८३-०८४ | बैगुन्धुरा बजार ,टहरा सहित | ४६,१०० | ५००।०० |
| ०६/२०८३-०८४ | दामुना बजार ,टहरा सहित | ८२,१०० | ५००।०० |
| ०७/२०८३-०८४ | वैराती बजार, टहरा सहित | १०,००० | ५००।०० |
| ०८/२०८३-०८४ | दुधाली फकिडिप बजार, टहरा सहित | १०,००० | ५००।०० |
| ०९/२०८३-०८४ | चप्रामारी बजार ,टहरा सहित | १०,००० | ५००।०० |
| १०/२०८३-०८४ | दामुना बजारमा रहेको गाईवस्तु रातमा राख्ने टहरा संचालन ब्यवस्थापन | १,००,००० | ५००।०० |
| ११/२०८३-०८४ | वडा नं ५ मा रहेको वालुबथान शनिश्चरे बजार, टहरा सहित | १५,००० | ५००।०० |
| १२/२०८३-०८४ | तेलियाडाँगी बाट सिजवा आवत-जावतका लागी रतुवा खोलामा नाँउ र बाँसको फट्के बनाइ संचालन गर्ने(साउन महिनादेखी असोज मसान्त सम्मको लागी मात्र) | २८,५०० | ५००।०० |
| १३/२०८३-०८४ | विज्ञापन कर | २,०१,००० | ५००।०० |

कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत